**TUTA Journal Vol 9/10 (1), 2021/2022, ISSN : 2350-8892**

# *छाउघर* उपन्यासमा मानसिक सङ्घात

**सीता अधिकारी थापा, उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान**
Email: adhikari.sitath@gmail.com

## अध्ययनसार

यस लेखको प्रमुख उद्देश्य समसामयिक विषयमा राज सरगमद्वारा लिखित छाउघर उपन्यासको पात्रको मानसिक अभिघातका बारेमा विश्लेषण गर्नु रहेको छ। साहित्यमा मनोविश्लेषणको सिद्धान्तद्वारा मानिसका विविध मनोदशा एवम् मनोसंरचनाको खोजअन्वेषण गर्ने फ्रायडीय शास्त्रीय परम्परा अत्यन्त प्रचलित देखिन्छ। यसै मनोविज्ञानसँग नै सम्बन्ध राख्दै नवीन उत्तरआधुनिक सांस्कृतिक समालोचना चिन्तन पद्धतिको रूपमा विकसित हुँदै आएको उत्तरसंरचनावाद र नवमनोविश्लेषणात्मक सिद्धान्तको एउटा सशक्त मान्यता अभिघात पनि हो । प्राचीन कालदेखि नै शस्त्राभिघात र आत्माभिघातबाट मानिस पीडित बनिरहेको यथार्थलाई विश्वसाहित्य र नेपाली साहित्यमा पनि प्रशस्त उतारिँदै आएको छ । नेपाली साहित्यमा नारी समस्यामूलक उपन्यासहरू लेखिने क्रममा एउटा दरिलो उपस्थिति जनाउने छाउघर उपन्यासले प्राकृतिक रूपमा नारीजातिमा हुने एउटा शारीरिक जैविक परिवर्तनको अपरिहार्य प्रक्रिया रजस्वलालाई मूल समस्या वा विषयका रूपमा उठान गरेको छ।सामाजिक सांस्कृतिक आधारमा गरिने नारीमाथिको लैङ्गिक विभेदकारी छाउप्रथाले उनीहरू सानैदेखि शारीरिक र मानसिक अभिघातको सिकार भएका तथ्यहरू छन्। प्रथम पटक रजस्वला भएर अचानक छाउगोठको कठीन पीडादायी र लामो अनुभव भोग्नुपर्दा एक अबोध बालिकाको मानसिकतामा उब्जिएका अनगिन्ती जिज्ञासा, भयग्रस्त वेदना र आक्रोसका एवम् उसमाथि परेका मानसिक सङ्घातकासाथै यसैकारण सिर्जित महिलामाथिका लैङ्गिक हिंसाको विविध समस्यालाईउपन्यासमा सशक्त ढङ्गले प्रस्तुत गरिएको छ। यस लेखमा यही अभिघात सिद्धान्तलाई आधार बनाई छाउघर उपन्यासका प्रमुख पात्रको मानसिक सङ्घातको अध्ययन विश्लेषण गरिएको छ।

*शब्दकुञ्जी* : छाउपडी प्रथा, रूढिवादी मान्यता, उत्पीडन, सङ्केतक, अचेतन

Articles information : Manuscript Receive : 22/07/2021, Review Date : 05/06/2022, Date of Acceptance : 15/11/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.
DOI : https://doi.org/10.3126/tutaj.v10i1.74322
Journal Homepage : https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

समकालीन समाजको समसामयिक विषयमा रचित फाइन प्रिन्टद्वारा वि.सं २०७३ मा प्रकाशित *छाउघर* राज सरगमको चर्चित औपन्यासिक कृति हो। मदन पुरस्कार तथा पद्मश्री साहित्य सम्मान २०७३ का लागि मनोनित तथा गोठाले किशोर साहित्य पाण्डुलिपि पुरस्कार प्राप्त यस पुस्तकले सुदूरपश्चिमका विभिन्न क्षेत्रमा परम्परा वा संस्कृतिका रूपमा विकसित छाउप्रथाको विकृतिलाई यथार्थ चित्रण गरेको छ। नारी समस्यामा केन्द्रित उपन्यासमा प्रयुक्त घटना चरित्रलाई अभिघातीय दृष्टिकोणबाट विवेचन गर्न सकिन्छ। अभिघात भनेको मानिसले विभिन्न कारणबाट भोग्नुपर्ने वा भोग्न बाध्य शारीरिक मानसिक चोट अर्थात पीडाको अवस्था हो भन्ने बुझिन्छ। यसका प्रकृति र प्रवृत्तिमा पनि फरक देखिन्छ। संसारमा प्राकृतिक वा जैविक संरचनाका हिसाबले मानव नारी र पुरूष दुई लिङ्गमा विभक्त देखिन्छ भने अहिले तेस्रो लिङ्गी, समलिङ्गीहरूले समेत आ्नो पहिचान खोज्दै सामाजिक र कानुनी मान्यता प्राप्तिका लागि प्रयासरत छन्। सामाजिक सांस्कृतिक व्यवहारमा मानिसलाई विभिन्न वर्गमा बाँडिएको पाइन्छ,जसमध्ये लिङ्गको

आधारमा गरिने असमानतापूर्ण र सामाजिक निर्मितिको विभेदकव्यवहारलाई लैङ्गिकताको रूपमा बुझिन्छ । वास्तवमा सृष्टिको संरचनालाई निरन्तरता दिन पनि नारी पुरूष दुवैको समान सहभागिता र भूमिका महत्त्वपूर्ण हुन्छ तापनि अधिकांश समाजमा नारीको भूमिका र महत्त्व अत्यन्त गौण बनेको पाइन्छ । शारीरिक संरचनाका कारण भोग्नुपर्ने मानसिक संघातका कारण यसलाई लैङ्गिक विभेदीकरणका मुद्दाका रूपमा व्याख्या विश्लेषण गर्न सकिन्छ । प्रजनन प्रक्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने महिलामा हुने रजोनिवृत्ति जीनवको एउटा महत्तम पाटो र प्रकृति प्रदत्त स्वाभाविक प्रक्रिया एवम् मातृत्व प्राप्तिको आधार पनि हो ।

सृष्टिका संवाहक भनेर सम्बोधित नारीसँग सम्बन्धित मासिकचक्र एउटा गौण ठानिएको प्राकृतिक विषय हो । विशेषतः हिन्दू वर्गव्यवस्थामापितृसत्ताले धार्मिक संस्कार संस्कृति तथा पापपुण्यसँग गाँसेर महिलाको रजस्वलालाई अछूत ठानी सोही अनुरूपको निकृष्ट व्यवहार गरेको देखिन्छ । मानव सृष्टिका जननी महिलाको प्रजनन अङ्गको विकाससँगै हुने रजस्वला महत्त्वपूर्ण अवस्था र स्वास्थ्यको समस्या पनि हो । यसलाई हाम्रो नेपाली समाजमा कतिपय समुदायले धार्मिक परम्परा र अन्धविश्वाससँग जोडेर नकारात्मक व्याख्या गर्ने र महिलालाई अछूतको अमानवीय व्यवहार गर्ने परिपाटीले अनेकौं समस्या र विकृतिहरू जन्माएका छन् ।कतिपय ठाउँमा महिनावारी वा रजस्वला अवधिभर उनीहरूले भोगेका पशुभन्दा निकृष्ट कहाली लाग्दो अवर्णनीय छ । यस्ता विभेदकारी व्यवहार भोग्न बाध्य अवस्थाबाट सिर्जित मानसिक र शारीरिक उत्पीडनबाट उत्पन्न अभिघातका प्रत्यक्ष परोक्ष भोक्ता जहाँ जहिले पनि नारी नै बन्नु परेको तीतो यथार्थ हाम्रो नेपाली समाजमा जताततै देख्न पाइन्छ । नारीका जीवन्त समस्याका विविध पक्षलाई समेटेर विभिन्न साहित्यिक विधाहरूको सिर्जना नेपाली साहित्यमा पनि भईरहेका छन् । यसैको एउटा ज्वलन्त उदाहरण राज सरगमद्वारा लिखित उपन्यास *छाउघर* (२०७३) नारी समस्यामूलक विषयमा आधारित रहेको छ ।यसरी महिलाको मात्र नितान्त निजी विषय ठानेर उपेक्षा गरिँदै आएको संवेदनशील वर्गीयविषयलाई आख्यानमार्फत सामाजिकीकरण गर्दै जनसमक्ष उजागर गरिदिएकामा धन्यवादका पात्र लेखक सरगमको कार्य वास्तवमै सहानीय बनेको छ ।

सामाजिक सांस्कृतिक बहिष्करणमा परेका सीमान्तकृत वर्गमा पर्ने महिलाहरू शिक्षा र स्वास्थ्यजस्तो संवेदनशील विषयमा पनि अत्यन्त पिछडिएका छन् । त्यसमा पनि ग्रामीण नेपाली नारीहरूको पहुँच शिक्षा, स्वास्थ्य तथा चेतनामा निकै पछाडि रहेको तथ्य सर्वविदित छ ।नेपाली समाजमा पिछडिएका र उत्पीडित वर्गमा पर्ने महिलाहरूको अवस्थाको चित्रण गर्दै चर्चित समाजशास्त्री डा.हर्क गुरूङले लेखेका छन्:“महिलाहरूको तल्लो तहको हैसियत पितृसत्ताको कारणले हो भन्न सकिन्छ र यो अवस्था आदिबासी जनजातिहरूमा भन्दा कट्टरपन्थी हिन्दू तथा मुस्लिम समाजहरूमा अझ व्याप्त छ” (गुरूङ, २०६५: पृ.४०) । वास्तवमै अहिले पनि कतिपय समाजमा नारीलाई निकृष्ट र आफूलाई उत्कृष्ट दर्जाको ठान्ने पितृसत्तावादीहरूको सोच व्याप्त रहेकै छ । सोही कारण महिलाहरू विभिन्न प्रकारका सामाजिक, सांस्कृतिक भेदभाव तथा शारीरिक, मानसिक हिंसाको आघातबाट पीडित छन् । शिक्षित सचेत केही महिलाहरूले आफूमाथि भइरहेका उत्पीडन र अत्याचारको विरोध गर्ने हिम्मत देखाउन थालेका छन् भने यस्तो साहस प्रत्यक्ष जुटाउन नसक्नेहरूमा पनि समाजका अन्धविश्वास र कुप्रथाविरूद्ध चेतना बिस्तारै जाग्न थालेको छ । संस्कारजनित अभिघातको एउटा प्रमुख कारक धर्मको अपव्याख्याद्वारानिर्मित भय र त्यसबाट निर्देशितनेपाली समाजमा महिलामाथिको उत्पीडनको जल्दोबल्दो उदाहरण छाउपडी प्रथा हो । विभिन्न उमेर समुहका रजस्वला भएका महिलाले केही दिनसम्म घरभित्र कतै छोइछाई गर्न नहुने प्रचलन त हरेक हिन्दूआर्यसम्प्रदायमा व्याप्त छ भने घरमा बस्नसमेत नहुने र छाउगोठमा बस्नु पर्ने प्रचलन नेपालका पश्चिमी क्षेत्रमा व्याप्त छ । त्यहाँ छाउ भएका महिला घरभित्र बसे घरमा मानिसले नै स्थापना गरेर पूजाआजा गरिने र रक्षक भनिएका अदृश्य कुलदेउता, पितृ रिसाउलान् भन्ने धर्मको कारण देखाएर पितृसत्ताले नारीमाथि मनोवैज्ञानिक त्रासको बीउ रोपेको छ जुन भयङ्कर त्रासदी र जड संस्कृति बनेर समाजमा रहेको देखिन्छ ।

समाजले अत्यन्त सामान्य मानेको छाउप्रथा वास्तवमा एउटा सिंगो वर्ग, समुदाय तथा आधा आकाशको जटिल समस्या हो । यो महिलामाथिको वर्गीय, लैङ्गिक तथा यौनिकताको संवेदनशील समस्या पनि हो । नारी स्वयम्

सृष्टिकर्ता जननी भएकाले परिवार र समाजमा असल सबल व्यक्तिको जन्मका निम्ति पनि स्वच्छ रजस्वला र स्वस्थ नारीको महत्त्वपूर्ण भूमिकालाई कसैले पनि नकार्न मिल्दैन । उसको स्वास्थ्यसँग अभिन्न सम्बन्ध राख्ने प्राकृतिक अवस्था रजस्वलालाई समाज, परिवार र महिला स्वयम्ले उपेक्षा गरिरहँदा त्यसबाट उत्पन्न समस्याको विकरालता कहाली लाग्दो छ भन्ने तथ्य बारम्बार प्रकाशमा आइरहेका छन् । अब गाउँगाउँमा बनेका थोत्रा छाउघर भत्काएर मात्र हुँदैन, मानिसका सङ्कीर्ण पुरातन विभेदकारी सोच र व्यवहारका अथवा मनको छाउगोठ भत्काउनु अत्यावश्यक भइसकेको छ । महिलाको रजस्वलाजस्तो स्वाभाविक मासिक चक्रलाई हेर्ने त्यो कुसंस्कारी पुरातन मानसिकताको दृष्टिकोणमा परिवर्तन ल्याउँदै कुरीति र रूढिवादी अन्धविश्वासभन्दा माथि उठेर स्वच्छ, सभ्य सकारात्मक व्यवहारको थालनी अपरिहार्य बन्दै गइरहेको छ । हाम्रो समाज परम्परागत पितृसत्तात्मक मूल्यमान्यताबाट निर्देशित रहेकाले कतिपय समाज र समुदाय अहिलेको एक्काइसौं शताब्दकिो उत्तरार्धतिर आइपुग्दा पनि धर्म संस्कृतिको अपव्याख्याद्वारा नारीलाई तुच्छ र हेय वस्तुजस्तै ठानेर निकृष्ट व्यवहार गरिरहेको छ । यस्तो लैङ्गिक विभेदक प्रवृत्तिले स्वतः महिलाहरूमा अनेकौं नकारात्मक मानसिक सङ्घातका असरहरू देखिदै जान्छन् र वास्तवमा एउटा यस्तो मोडमा पुगेपछि त्यसले कुनै विष्फोटक रूप धारण गर्न सक्दछ । आन्तरिक र वाह्य अभिघातका कारण व्यक्तिका आचरण एवम् व्यवहारमा असामान्य मनोरोगी अवस्थाको सिर्जना हुन्छ भन्ने मनोवैज्ञानिक मान्यतालाई *छाउघर* उपन्यासका थुप्रै घटनाले प्रस्ट्याएका छन् ।महिलाको वैयक्तिक स्वास्थ्य र यौन प्रजननसँग प्रत्यक्ष सरोकार राख्ने महिनावारीलाई विश्वले महिलाको प्रजनन स्वास्थ्य, अधिकार र स्वच्छतासँग गाँसेर हेरिरहँदा कतिपय समुदायमा महिलाको अवस्था अत्यन्त सोचनीय गम्भीरसमस्याको रूपमा रहेका छन् । यसैकारणले *छाउघर* उपन्यासको अभिघात पक्ष अध्ययन अत्यावश्यक रहेको छ ।

**समस्याकथन**

आधुनिकताको उत्कर्षमा विश्व अघि बढिरहँदा नेपाली समाज अझै पनि शदियौं पुरानो अन्धविश्वासी परम्परावादी सोचबाट बाहिर निस्कन नसकेको ज्वलन्त उदाहरण हो छाउपडी प्रथा । यो केवल एउटा प्रथा मात्र होइन, सामाजिक वर्गीय विभेदकोप्रमुख जटिल समस्या पनि हो र महिलामाथिको लैङ्गिक हिंसाको कारक तथा स्वरूप पनि हो । त्यसैले यस लेखमा *छाउघर* उपन्यासको अभिघात समस्यालाई आधार बनाई निम्न समस्याको विश्लेषण गरिएको छः

क. *छाउघर* उपन्यासमा अभिघात समस्यालाई कसरी प्रस्तुत गरिएको छ ?
ख. यस उपन्यासका पात्रहरूले भोग्नु परेका अभिघातका समस्याहरू केकस्ता रहेका छन् ?

**उद्देश्य तथा अध्ययनविधि**

यस अध्ययनमा समस्या कथनमा उठाइएका उपर्युक्त प्रश्नहरूको उत्तर *छाउघर* उपन्यासमा केन्द्रित रहेर खोजिने प्रमुख उद्देश्य रहेको छ । अभिघातको सैद्धान्तिक पर्याधारमा आधारित रहेर गरिने यस अध्ययनका निम्ति प्रमुख स्रोत सामग्रीको रूपमा राज सरगमद्वारा लिखित उपन्यास *छाउघरलाई* लिइएको छ भने यससँग सम्बन्धित अन्य विविध सहायक सामग्रीहरूपुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । तिनै विविध सामग्रीको उपयोग गरी समस्याकथनमा उठाइएका समस्याहरूको व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिबाट समस्याको समाधान खोजी गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

पाश्चात्य साहित्यको चर्चित सिद्धान्त ट्रमाथ्योरीबाट नेपाली साहित्य समालोचनामा अभिघात सिद्धान्त भित्रिएको हो । अभिघात भनेको आन्तरिक र बाह्य कारणबाट पर्ने चोट वा आघात हो । यसको आरम्भ सन् १९७५ पछि

भएको हो भने १९८६ पछि सैद्धान्तिक रूप दिएर विकसित हुँदै विश्वसाहित्यमा पछिल्लो अवधिमा प्रचलित एक नवीन साहित्यसिद्धान्त वा चिन्तन हो । विश्वले सामना गर्नु परेका भयावह आततायी क्षणहरू, शस्त्राभिघात र शास्त्राभिघातका कारणमूलतः दोस्रो विश्वयुद्धपछि मानिसले भोग्नु परेका आतङ्क, पीडा, भय, विध्वंश तथा घातक क्षतिको प्रतिबिम्ब साहित्यमार्फत अभिव्यक्त हुन थाल्यो । मोहनराज शर्माका अनुसार अभिघात(ट्रमा) भनेको मानसिक घाउ पार्ने अतीत पीडादायी अनुभूति हो । अभिघात दैहिक र मानसिक दुवै हुन्छ तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको छ (शर्मा, २०७१ : पृ. ५९) । आन्तरिक वाह्य जीवनमा परेका त्रासदीबाट सिर्जित परिस्थिति वा आघातको साहित्यिक रचनाकृतिमा केकसरी चित्रण भएको छ भन्ने अध्ययन अभिघात सिद्धान्तले गर्दछ ।'घात'मूल शब्दमा 'अभि'उपसर्ग लागेर व्युत्पन्न भएको अभिघात शब्दको अर्थ चोट, धक्का, प्रहार, ठक्कर भन्ने बुझिन्छ । उत्तरआधुनिक अन्तर्विषयक सिद्धान्तका रूपमा प्रचलित अभिघात सिद्धान्तले ज्याक डेरिडा, पल डी म्यान, हिलिस मिलर, क्यारोल क्रिस्टल, जुडिथ लेविस हर्मन, क्याथी क्यारोथ, जोय इर्लिकमन मिलर आदिमा मान्यतालाई आत्मसात् गर्दै विकसित भएको छ । समालोचक राजेन्द्र सुवेदीले अभिघातलाई पनि वाह्य र आन्तरिक वा शारीरिक र मानसिक अभिघातको रूपमा चर्चा गरेका छन् । विभिन्न बाहिरी वस्तु वा साधनका आक्रमणका कारणबाट जन्मिएको शारीरिक आघातलाई शस्त्राभिघात र मानिसको आन्तरिक तहमा लाग्ने चोटका कारण उब्जिएको मानसिक वा आन्तरिक अभिघातले मानिस भयको सिकार हुन्छ । मानव समुदायले विभिन्न कारणले सामाजिक, राजनीतिक, पारिवारिक सद्भाव र सन्तुलन बिग्रेको अवस्थामा बेहोर्नु पर्ने परिणामको स्वरूप वाह्य अभिघात हो भने धार्मिक, सांस्कृतिक, मनोवैज्ञानिक, आर्थिक रूपमा बेहोर्नु पर्ने परिणामको स्वरूप आन्तरिक अभिघात हो (सुवेदी, २०७२ : पृ.४७) । विगतदेखि मानिसले विभिन्न किसिमका प्राकृतिक एवम् सिर्जित समस्याहरूको कठिन सामना गर्दै आफूलाई आजको अवस्थामा ल्याइपुऱ्याएको हो । सृष्टिको आरम्भदेखि हालसम्मको विकासक्रम रजीवनसङ्घर्षमा उसले बेहोर्नु परेका आन्तरिक एवम् वाह्य अभिघातहरू असङ्ख्य छन् । मानिस चेतनशील सामाजिक प्राणी भएका कारण हरेक कुराको उसमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परिरहेको र कुनै पनि घटना वा कार्यलाई सूक्ष्म ढङ्गले नियालिरहेको हुन्छ । घरायसी पारिवारिक कलह, बेमेल र झैझगडादेखि आफैँले गरेका गल्ती, कुलत वा अपराधबोधको पीडा, घृणा, हत्या, हिंसा, भय, बलात्कारको चोट, प्रियजनको मृत्यु, वियोग, आत्मीयजनका धोका, सामाजिक, सांस्कृतिक, आर्थिक कारणबाट सिर्जित आघात, द्वन्द्व, युद्धआतङ्क,श्रमक्षेत्रका विभेद,विस्थापन, अस्तित्व सङ्कटको अवस्था तथा मानसिक आवेग संवेग लगायतका धेरै कारणबाट पनि मानिसमा सङ्घातको स्थिति उत्पन्न भएको हुन्छ । साहित्यिक रचनाकृतिमा यस्ता कुरालाई विभिन्न तरिकाले प्रस्तुत गरिएको हुन्छ ।यिनै त्रासद अवस्थाबाट सिर्जित संवेदनाहरूको साहित्यमा खोजी गरिने विधि अभिघातको सैद्धान्तिक आधार हो जुन पहिले मनोरोगी/घाइतेको उपचारको क्रममा प्रयोग गरिँदै आएको थियो र पछि मानसिक सङ्घातको अध्ययन विधिमा परिणत भएको देखिन्छ ।

विश्वसाहित्यमा अभिघातीय चेतनाको प्रयोग पहिलेदेखि नै भए पनि यसको सैद्धान्तिक अध्ययन उत्तरवर्ती अवधारणा/चिन्तन हो ।सिर्जनात्मक कारक तत्त्वका आधारमा अभिघातका दुई तह व्यक्तिगत वा आन्तरिक अभिघात र राजनीतिक वा सांस्कृतिक अभिघात मानिन्छन् (सुवेदी : पृ.५०) । पहिले फ्रायडीय वामनोवैज्ञानिक सिद्धान्तका आधारमा मानसिक विश्लेषण गर्ने प्रक्रियाले उत्तरवर्ती अभिघात चेतनाको अवलम्बन गर्न थालेको छ । उत्तरआधुनिक साहित्य चिन्तनभित्र सबल बन्दै गएको अभिघात सिद्धान्तको अवधारणाको व्याख्या गर्ने क्रम सन् १९७५ पछि तीव्र गतिमा भएको पाइन्छ । साहित्यमा अभिघात सिद्धान्तको स्थापना र साहित्यिक अध्ययनका निम्ति ज्याक डेरिडाको महत्त्वपूर्ण भूमिका छ भने अभिघात अध्ययनलाई विकसित पार्ने प्रमुख व्यक्तित्व जेफ्री हार्टम्यान हुन् (शर्मा, २०७१ : पृ.५९) । विश्वयुद्धका परिणामले मानिसका मनमा परेका प्रभावहरूको अध्ययनबाट नै अभिघातको सैद्धान्तिक आधारभूमि तयार भई सन् १९९६ मा क्याथी क्यारूथको कृति Unclaimed : Trauma, Narrative and History यस क्षेत्रमा उल्लेखनीय सामग्री बनेर प्रस्तुत भयो (सुवेदी : पृ.४९) । मूलतः अन्तर्विषयक अध्ययन क्षेत्रमा पर्ने अभिघात

सिद्धान्तमा आत्मपरिचयको स्थापना, आत्मउपचारको सम्भावना, व्यक्तित्वको रूपान्तरण र आत्मसुरक्षाको आकलन यी चार ढाँचाबाट कृतिलाई अध्ययन गर्न सकिन्छ।

मानसिक अभिघातका दृष्टिबाट हेर्दा नेपाली समाजका विभिन्न विषयक्षेत्रमारचित नेपाली साहित्यिक विधाका अधिकांश रचनामा यसको दरिलो उपस्थिति पाइन्छ। आख्यान विधाको सन्दर्भमा पहिलो आधुनिक नेपाली उपन्यास रूपमतिदेखि लिएर पछिल्ला चरणका उपन्यासमा पनि सामाजिक, सांस्कृतिक तथा अन्य व्यवहारका कारण पात्रले भोग्नु परेका मानसिक संघातका प्रशस्त चित्रण भेटिन्छन्। नेपाली समाजले विविध कालखण्डमा अनेकौं उतारचढाब व्यहोर्दै आएकाले तिनैका प्रतिबिम्बन उतारिएका उपन्यासहरूमा पनि पात्रहरूको कुनै न कुनै कारणबाट आन्तरिक र बाह्य संघातबाट पीडित अवस्थाको चित्रण पाइन्छ। सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक विषयवस्तुका औपन्यासिक कृतिमा झन् प्रष्टसँग यसको प्रयोग भेटिन्छ। विविध कारणबाट सिर्जित हुने यस्ता अभिघातीय पीडाबाट जुनसुकै वर्ग, लिङ्ग, क्षेत्र वा उमेर समुहका मानिस पनि प्रताडित हुन पुगेका छन् र कतिपय अवस्थामा त्यसको परिणति भयावह पनि बनेका यथेष्ट उदाहरण भेटिन्छन्। रीतिथिति, परम्परा, धर्म, संस्कृति, संस्कार आदिका आधारमा निर्मित सामाजिक संरचनात्मक व्यवस्थाले कतिपय सन्दर्भमा पितृसत्ताको पक्षपोषण गरी त्यसको वर्चस्व कायम राखिरहने उपकरणका रूपमा निर्मित यस्ता विधिविधान संस्कारकै स्वरूपमा महिलामाथि एकतर्फी थोपर्दै आएकोछ। यस्तै विभिन्न कारणबाट आन्तरिक र बाह्य संघातबाट ग्रसित नारीहरूको पीडाको आवाज बनेको *छाउघर* उपन्यासका पात्रलाई अभिघात सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ।

## नतिजा र विमर्श

नेपाली समाज अहिले पनि विभिन्न खालका सामाजिक समस्याबाट ग्रसित रहेको वास्तविक तथ्य हो। उपन्यासकी प्रमुख पात्र कला छ कक्षामा पढ्ने १२ वर्षकी बालिका जो पहिलो पटक रजस्वला भएकी र परम्पराअनुसार तीन हप्ता घरबाट टाढा रहेको छाउगोठमा एक्लै बिताउनु पर्दाको मानसिक तनावका साथै ती दिनहरूमा भोगेका शारीरिक यातना र उसको कलिलो मस्तिष्कले अनुभव गरेका मानसिक संघातका पक्षहरू यस उपन्यासमा सशक्त चित्रण गरिएको छ। बाईस दिनका अनुभवलाई संस्मरणात्मकशैलीमा लेखिएको यस उपन्यासका प्रत्येक खण्डमा आन्तरिक र वाह्य दुवै किसिमका संघातात्मक घटनाहरू प्रस्तुत गरिएका छन् जसका कारण कलाको बालमस्तिष्कमा मानसिक आघातका श्रृङ्खलाहरूको चाङ् लागेको छ। ऊ स्वयम्ले छाउका कारण घर छोडेर एक्लै डरलाग्दो छाउघरमा एक्काईस दिन बिताउनु पर्दाका भयग्रस्त अवस्था, भाइलाई भेट्न नपाउने, विद्यालय जान नपाउने, राम्रो खानेकुरा नपाउनु, कतै स्वच्छन्द भएर हिडडुल गर्न नपाउने लगायत घरपरिवारबाट उपेक्षित महसूस गरेका अनेक घटनाहरूका कारणबाट उत्पन्न मानसिक अभिघात वास्तवमा भयावह देखिन्छ। छाउगोठ बसाइका क्रममा भेट भएका अन्य नारीहरूका माध्यमबाट उसले थाहा पाएका सामाजिक सांस्कृतिक विसङ्गतिका आयामहरू तल्लो जातकी भागीरथी भुल र उसको माथिल्लो जातको मानिससँगको निस्वार्थ प्रेम कहानी अनि छाउगोठमै बिषालु सर्पको टोकाइबाट भएको उसको कारूणिक मृत्यु, अर्धबैँसे उमेरकी फुपू र महादेव मन्दिरको पुजारीको यौन चर्तिकला, मध्यराति छाउगोठभित्र पसेर महिलाहरूलाई जबरजस्ती बलात्कार गर्ने नरपिशाचका कारण मङ्गलीजस्ता नारीहरू समाजमा इज्जतको डरले चूपचाप पीडा सहेर बस्न बाध्य हुनु आदिजस्ता घटनाले धर्मका आडमा नारीलाई अछूत बनाई तिनैको अस्तित्व लुट्न पल्केका यौनपिपासु, घृणित पितृसत्तात्मक समाजको द्वैध मुखुण्डोधारी चरित्रकोपर्दाफास गरिदिएको छ। यसैगरी पढेलेखेका सहरिया महिला जसमा रजस्वला तथा अन्य स्वास्थ्य विषयमा राम्रो ज्ञान र वैज्ञानिक चेतनासमेत छ, ती पनि प्रेम विवाह गरी गाउँमा पुगेपछि यस्ता छाउप्रथाका सिकार बनेको तथ्य सुत्केरी हुँदा छाउघर बस्न विवश रूपा बउजुका अवस्थाको प्रत्यक्षदर्शी बनेकी कलामा यी सबै घटनाको गहिरो असर परेको देखिन्छ। यसैले नै ठाउँठाउँमा यस्ता अभिघातका स्पष्ट सङ्केतहरू प्रकट गरिएका छन्।

सृष्टिको निरन्तरताका लागि महिलामा हुने परिवर्तनको प्रक्रिया प्राकृतिक चक्र मासिक धर्मलाई देउ तथा पितृ रक्षाका नाममा विशेषतः नेपालको खसआर्य जातिका विविध समुदायमा निकै कडाइका साथ लिइने र बारिने गरिन्छ । निश्चित दिनसम्म कतै केही कोहीलाई छुन नहुने मान्यतामा विश्वास गरिने भएकाले छाउपडी भनिएको यसलाई देशको मध्यपश्चिम र सुदुरपश्चिमको धर्मभिरू रूढिवादी समाजले असाध्य जटिल बनाएको छ । यसका कारण त्यस समाजका रजस्वला हुने हर उमेरसमूहका महिलाहरू घरबाहिर एक्लै छाउगोठमा बस्नु पर्दा अन्य विविध शारीरिक मानसिक समस्याद्वारा अत्यधिक पीडित बनिरहेका छन् । यस उपन्यासले समाजले गौण मानेका आधा आकासको गम्भीर अवस्थालाई समेट्ने वर्गीय समस्यालाई उठाएको छ । हो, कतिपय समुदायका लागि यो रजस्वला प्रक्रिया अतिसामान्य रूपमा हेरिने विषय हो भने कतिपय विशेष क्षेत्र, जाति र समुदायमा यसलाई अत्यन्तै जटिल बनाएर रजोवृत्ति उमेरका महिलाका लागि विभेदको गतिलो साधन/माध्यम बनाइएको छ ।

**प्रमुख पात्र कलामा मानसिक संघात**

प्रस्तुत *छाउघर* उपन्यासको नेपाली समाजको एउटानिश्चित भौगोलिक क्षेत्रको परिवेशको केन्द्रीयतामा लेखिएको भए पनि यसले उठाएका जल्दाबल्दा समस्याले तथाकथित धर्मभिरू समाजको आडम्बरी चरित्रको पर्दाफास गर्न सफल देखिन्छ । उसका निजी अनुभव, उसले अनुभूत गरेको परिपक्वताको अनुभूति एवम् मानसिक अभिघातका आरोहअवरोहको विशाल दृश्यचित्र यस उपन्यासले सर्लक्कै उतारेको छ । बाईस दिन छाउ बार्नु पर्ने बाजेबज्यैको कुराले कलाको मनमा गहिरो असर पर्नु, आफ्नै घर हेर्न बन्चित बनाउने गुणको रूपमा रहेको छाउ दाजुभाइका अगाडि लुक्नुपर्ने नियति बनेको छ ।एक किशोर वयमा टेक्न लागेकी अबोध बालिका कलाले रजस्वला वा छाउ भएर २१ दिनरात घरबाट टाढा एकलासको छाउगोठमा बिताउनु पर्दाको असुरक्षित कठिन समयलाई प्रथम पुरूष आन्तरिक परिधीय शैलीमा प्रस्तुत गरिएको पाइन्छ : केही बोल्न सकिनँ । रून मन लाग्यो बरू । भित्रभित्र त रोइसकेकी थिएँ ।(२०), डरले कामेको मेरो हडमा भोक थिएन । मात्र डर थियो (२३) । बउजूको वचनले केही बोल्नै नसक्ने भएँ । कुराहरू घाँटीमै गाँठो पऱ्यो । अकमक्क भएँ । मुटु थर्रर काँम्यो । थाहा थिएन, भूतघर कस्तो हुन्छ ! आफूलाई भने चिहान घाटमा छु झैं लाग्यो । साँच्चै चिहानघाट कस्तो होला ? (२४) ।

एउटी बालिकाले छाउघरमा बिताएका दुःखपूर्ण भोगाइका तमाम घटनाहरू वर्तमान समयका मानव समुदायका लागि अत्यन्त शर्मनाक छन् । *छाउघर* उपन्यास पढ्दा के लाग्छ भने कला नामक बाह्र वर्षीय बालिकाका माध्यमबाट प्रस्तुत गरिएका घटनाहरू साथै अबोध बच्चीमा उमेरले ल्याएको परिवर्तन तथा उसले छाउगोठमा बस्दा देखेका भोगेका पीडादायी मार्मिक कारूणिक घटनाहरू अन्य क्षेत्रमा बस्ने जोसुकै मानिसका लागि मुटु कमाउने खालका छन् । "फुत्त प्वालबाट केही छिऱ्यो । चिरिर्र चिच्याएँ । आँखा नै चिम्लिएँ । अनुहार त दुई गोडाबीचमा लगेर लुकाएँ । सासै रोकेर कक्रिएँ । आफैंभित्र तर्सिएँ" (२५) ।

एउटी सानी बालिका कलाले एक्लै छाउगोठमा बस्नु पर्दाका मानसिक सङ्घातका आरोहअवरोहले उपन्यासको कथानक निर्मित भएको छ । छाउप्रथा जसले शारीरिक रूपमा महिलालाई प्रत्येक महिना कष्ट त दिन्छ नै तर त्योभन्दा पनि असाध्य कष्ट त्यसबाट सिर्जित कठोर चालचलनले उनीहरूका मनमा परेको मानसिक आघात थपेको देखिन्छ । यसको प्रकटीकरण छाउ हुँदा स्कुल जान नपाउँदा कलाको उद्गारबाट प्रष्टिएको छ : म त लुक्नुपर्ने पो रहेछ ।म नदेखिनु पर्ने रहेछ, दाजुभाइको आँखामा । होइन, मेरो साटो दाजुभाइलाई लुकाएर राखेपनि त हुने ...।ती बैकान हुन्, ती नछुनी हुँदैनन् । तिनका शरीरमा मेरो जस्तो रगत बगाउने गोप्य अङ्ग छैन । छुइको कष्ट बेहोर्नु पर्दैन तिनले । लुक्न पर्दैन तिनले गोठमा । स्कुल छोड्न पर्दैन तिनले । ती छोरा हुन् । नाति हुन् । लोग्नेमान्छे हुन् । (३५)

संस्कार र परम्पराका आडमा थोपरिएका यस्ता विकृतिहरू नारीमा अभिघातीय पीडा थप्ने कारक मात्र होइनन्, कैयौं नारीका मृत्युका कारण पनि हुन् । मनोवैज्ञानिक रूपमा नै विभेदक प्रथाले कलिला बालिकाको मानसिकतामा परेको संघातले जन्माएको आक्रोसपूर्ण व्यङ्ग्य : झर्किएँ। रिसले तातो भएँ। तातिएँ आफैं भित्रभित्रै। रून पो मन लाग्यो। भित्तामा अडेस लागेर रोएँ। सुँक्कसुँक्क गर्दै नाक तानेर रोएँ (३६) ।परीक्षाको कष्टलाई सजिलो पार्न वर्षभरि पढेकी थिएँ स्कुलमा। तर यो नछुनीको कष्ट काट्न कुनै पढाइ भएन(३७) । यो रगतले मेरो बालापन खोस्यो। चकचके र चञ्चल स्वभावहरू खोस्यो। यो रगतले मेरो उट्पट्याङ् र उपद्रो बानी खोस्यो"(५१) ।

समाजले संस्कारको रूपमा स्वीकारेको यस कुप्रथाले कलिली बालिका कलाको इच्छाआकांक्षमाथि अवरोध पुऱ्याउनाले एकातिर उसमा मानसिक तनाव बढेको छ भने अर्कोतिर एक्लै त्रासद रूपमा छाउगोठमा बस्नुपर्दाको असुरक्षाको पीडा, गोठभित्र पसेर नारीहरूको अस्मिता लुट्ने यौनपिपासुहरूले दिएको भयङ्कर यातनाले त्रसित र कुण्ठित मनोभावना, छाउगोठमै भागिरथीको मृत्युले उत्पन्न भय तथा अन्य विविध कारणले कलाका मनमा अभिघातको विकास भएको छ । पितृसत्ताको हैकमवादी वर्चस्व कायम राख्न बनाइएका काल्पनिक तानाबानाले कालान्तरमा सिङ्गो नारी समुदायलाई अछुत बनाइरहेको प्रवृत्तिप्रति कलाको आक्रोसले क्रमशः जागृत हुँदै गरेको चेतनाको सङ्केत गरेको छ । पुरुष भएको आडमा उनीहरूले प्राप्त गरेका असीमित शक्तिले नारीलाई मानवोचित व्यवहारबाट वञ्चित गराउनु विकृत सोचको पराकाष्ठा हो।

## छाउपडी : संस्कार कि ज्यादती

हरेक समाज, जाति, क्षेत्र, समुदाय आदिका आआफ्नै संस्कार संस्कृतिहरू विद्यमान रहन्छन् । समाजमा चेतनशील प्राणी मानिने मानव समुदायले अङ्गीकार गर्ने संस्कार र संस्कृतिले उसको सभ्यताको परिचय पनि दिइरहेको हुन्छ । विशिष्ट समालोचक राजेन्द्र सुवेदीले संस्कृतिलाई यसरी सरल रूपमा अर्थ्याएका छन् : "मानवस्वभाव र आचरणको स्थिति, जीवनयापनको तरिका, शैली र सामान्य परम्परा आदिलाई सम्बोधन गरिने शब्द संस्कृति हो...संस्कृतिको सामान्य आशय सफा, सुग्घर, सुव्यवस्थित र शिष्ट एवम् परिष्कृत तथा परिमार्जित हो" (सुवेदी, २०१)। मानव निर्मित असल व्यवस्था, आचरण वा सभ्यता संस्कार मानिने यस अर्थमा हेर्दा पनि छाउघरमा चित्रित आचरणर पर्यावरण कुनै हदमा पनि संस्कृति भन्न सकिन्न । जहाँ महिलालाई पशुलाई जति पनि सम्मान गरिन्न, अछुत सरह घरबाट टाढा फोहोरी गोठमा अनेकौं मानसिक त्रासदीमा हरेक महिनाका कतिपय दिनहरू गुजार्नु पर्छ । कच्चा छाउगोठभित्र बसेका महिलाहरूलाई विषालु सर्प बिच्छी लगायत हिंस्रक जङ्गली जनावरकोआक्रमणबाट ज्यान जोगाउने त्रासका साथै यौनपिपासु नरपशुहरूको आक्रमणको त्रास र भोगाइ झनै भयङ्कर देखिन्छ। अव्यवस्थित स्थान, अस्वस्थकर खानपान मात्र होइन, अमर्यादित व्यवहारका कारण पनि छाउगोठमा बस्न विवश महिलाहरू जति सामान्य स्वास्थ्य अधिकारबाट वञ्चित छन् भने त्यसभन्दा कैयौं गुनाबेसी मानसिक आघातबाट प्रताडित बनिरहेका छन्। मानव जगत्ले आफ्नै हिसाबले लामो समय लगाएर निर्माण र परिमार्जन, शुद्धीकरण तथा प्रशोधन गरेका आचार विधिव्यवहार र जीवनशैली संस्कृति मानिने भए पनि जब त्यसमा मानव विरोधी खराबी देखिन्छ तब त्यो विकृति मानिन्छ। त्यसैले छाउपडीप्रथा परम्परागत संस्कारको नाममा स्थापित एउटा सांस्कृतिक विकृति, नारीमाथिको ज्यादतीर जटिल सामाजिकमनोवैज्ञानिक समस्या पनि हो।

## छाउप्रथा : महिला उत्पीडनको उपकरण

नेपाली समाजको सामाजिक सांस्कृतिक संरचनाले महिला उत्पीडनका थुप्रै अवयवहरू निर्माण गरेको छ। कतिपय जातिसमुदायमा रजस्वलालाई सामान्य ठानी कुनै कार्यमा रोकटोक लगाइदैन भने कतिपयले निश्चित दिनसम्म बार्ने प्रचलन छ। महिलालाई आराम दिनकाा लागि महिनावारी बार्न लगाइएको हो भन्ने तर्क गरिए पनि व्यवहार यो

ठीक विपरित देखिन्छ । ग्रामीण क्षेत्रमा घरबाहिरका सबै शारीरिक श्रम पर्ने काममा खटाइने तर खानपान तथा बस्ने स्थानमा विभेद गर्ने यो प्रथा महिला उत्पीडनको गतिलो साधन बनेको छ । यस उपन्यासमा सृष्टिको अभिन्न कारक मासिक धर्म रजस्वला हुँदा हरेक पटक नारीले घरबाट निष्कासित भएर छाउगोठमा बस्नु पर्दा मानव तथा मानवेत्तर पक्षबाट कसरी त्राहिमाम बन्दै पीडित भएका छन् ? भन्ने स्पष्ट पारिएको छ । "आफ्नै घर हेर्न बन्चित बनाउने गुण पो रहेछ छाउ । अनि, दाजुभाइका अगाडि लुक्नुपर्ने नियति पो रहेछ छाउ"(१७) ।हरेक महिना छाउगोठभित्र अनेक त्रासदीसहित पौंठेजोरी खेल्नु पर्ने त्यस भेगका ग्रामीण नारीहरूको दुर्दशा, साँप बिच्छीजस्ता विषालु जीवको टोकाइबाट अकालमा ज्यान गुमाउने भागिरथीजस्ता नारीको विवशता, जातीय विभेदका पाटाहरू, अँध्यारो छाउगोठभित्र आफ्नै गाउँघरका चेलीबेटी नारीहरूका अस्मिता लुट्न पस्ने यौनपिपासु राक्षसहरू र तिनीहरूको बलात्कारको सिकार भईआफ्नै इज्जतका डरले चूपचाप सहन बाध्य मङ्गलीजस्ता युवतीका चित्कार रकारूणिक व्यथाले नेपाली समाजमा महिलाहरू आफूमाथिका जघन्य अपराध कथित इज्जतका डरले बाहिर ल्याउन सक्दैनन् र शारीरिक मानसिक पीडाका असह्य आघातहरू सहिरहेका छन् ।

पितृसत्तात्मक नेपाली समाजले हिन्दू धर्मलाई आ'नो प्रभुत्वको एउटा शक्तिशाली औजारका रूपमा प्रयोग गरेको देखिन्छ । जसले महिला र पुरुषबीचका स्पष्ट धार्मिक सीमारेखा खिचेर सबै खालका प्रतिबन्ध एकलौटी रूपमा महिलामाथि थोपर्ने काम गरेको पाइन्छ । महिनावारी भएकी महिलालाई अपवित्र भएको मानी घरमा समेत बस्न नदिई छाउगोठ पुऱ्याउने यही समाजका धर्मका मसिहा पण्डित, पुजारी भनिने बलात्कारीहरूको द्वैधचरित्रको पर्दाफास गर्नु पनि उपन्यासको सशक्त पक्ष हो । समाजमा पुजारीको मुखौटो ओढेर छाउगोठ बसेकी महिलासँग सम्भोग गर्ने भगतजस्ता धर्मको ठेकेदार ढोंगी पुरूष चरित्रका माध्यमबाट पनि सामाजिक मानसिक आघातको भागीदार महिलाहरू नै बन्नु परेको नाङ्गो सत्य छ । अँध्यारो रातमा लुकेर जेजति कुकर्म गरेपनि उज्यालोमा धर्मको सुकिलो आवरणभित्र पवित्रताको जल छर्किएर चोखिएको ढोंग गर्नेहरूप्रतिको आक्रोस पनि व्यक्त भएको छ ।यौवनावस्थामै बिधवा भएका, लोग्नेको मायाबाट वञ्चित भई पतिद्वारा परित्यक्त गरिएका तथा अन्य विविध कारणबाटआ'नो यौन तृष्णा मेटाउन परपुरूष खोजी हिड्ने फुपूजस्ता नारीहरू पनि यही पितृप्रधान समाजकै दबाएर राख्ने हैकमी प्रवृत्तिका उपज नै हुन् । पितृसत्ताले तयार पारेको प्रभुत्वशाली सामाजिक संरचनाभित्र सीमान्तकृतको अवस्थामा रहेका महिलाका आवाजलाई आफसेआफ धर्म र संस्कारका नाममा दबाइएको हुन्छ र जबरजस्ती उनीहरूलाई त्यो व्यवस्था मान्न वाध्य पारिन्छ । परम्परा र संस्कारका रूपमा चलेको छाउप्रथा धार्मिक, सामाजिक दृष्टिले गलत हो भनेर तर्क गर्न सक्ने क्षमता भए पनि अविवेकी समाजमा उनीहरूआवाज उठाउन सक्दैनन् भन्ने ज्वलन्त उदाहरण शहरमा हुर्केकी पढेलेखेकी रूपा बउजूजस्ता नारी देखिन्छन् । डरत्रासका अनेक मानसिक र शारीरिक आघात सहँदै उसले पतिका घरमा सुत्केरी हुँदा अन्धविश्वासी प्रचलनकै कारण नवजात शिशुसहित छाउगोठमा बिताउनु परेको कष्टप्रद अवस्था कैयौं नारीहरूले युगौंदेखि भोग्दै आएका यातनाको उदाहरण हो । सहरी र ग्रामीण महिलाको तुलना गर्दै कलामार्फत प्रस्तुत अभिव्यक्ति : "मन्दिरैमन्दिरको सहरमा हुर्किएर यत्रो जीवन बाँचेकी रूपा बउजूले कहिल्यै छाउगोठमा छुई बारिनन् । तर हाम्रा बाज्येहरूले घरमा बसेका देउको डर मानेर गोठमा पुऱ्याए छोरीचेलीलाई" (पृ.१७०) । पुरुषका कुल, पितृ धान्ने बंश बढाउन हरेक कष्ट सहने सबै नारी तर उपेक्षा र उत्पीडनका अधिकारी पनि तिनै हुनुले यो समाज कति ठूलो विरोधाभाषी आडम्बरमा छ भन्ने प्रष्ट हुन्छ ।

शदीयौंदेखि समाजमा जरा गाडेर रहेका यस्तै विकृति विसङ्गति, अन्धविश्वास, विभेद, दमन, शोषण, उत्पीडनले नै मानिसमा मुक्ति र प्रतिरोधको भावना जागृत गर्छ भन्ने सिद्धान्तअनुसार परिवर्तनका लागि उदीयमान पुस्ता सधैँ निस्कन्छ ।नेपालमा पनि बेलाबेलामा यस्ता शासनसत्ताका उत्पीडन विरोधी आन्दोलनहरूप्रशस्त भएका छन्, यसैमध्ये दश वर्षसम्म देशमा चलेको माओवादी जनयुद्धको चर्चा गरिएको छ । युद्ध आफैँमा अभिघातको प्रमुख कारक तत्त्व मानिन्छ, त्यसका सकारात्मक नकारात्मक पक्ष र त्यसबाट उत्पन्न सामाजिक मानसिक सङ्घातको पाटो बेग्लै विवेच्य विषय हुन् । तर समाजका रूढिवादी कुरीति, उत्पीडन, विभेद तथा विसङ्गतिहरूलाई हटाई आमूल परिवर्तन

गर्ने उद्देश्य राखेर जनयुद्ध गर्न हिडेका किशोर किशोरीहरूले देखाएको सक्रिय सहभागिता र दिएको जीवनको बलिदान आदिलाई सामान्य ठान्न मिल्दैन, जसलाई *छाउघर* उपन्यासले सर्लक्कै उतारेको छ । समग्रमा प्रस्तुत उपन्यास सामाजिक, सांस्कृतिक/धार्मिक अन्धविश्वास र विभेदको चिरफार मात्र नभई सुदूरपश्चिमेली नारीहरूका शारीरिक मानसिक आघातको कुरूप तर सग्लोचित्र पनि हो ।

छाउपडी प्रथाको अन्त्य गर्न गाउँघरका छाउगोठ भत्काउने अभियान सञ्चालन विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाका कार्यक्रममार्फत भएको सुनिन्छ, पढिन्छ तर जबसम्म मानिसको मनको अन्धविश्वास र डरको छाउपडी भत्काउन सकिन्न तबसम्म फेरि महिलालाई अछूत बनाई घरबाट अलग्याउने भौतिक छाउगोठहरू रातारात ठडिन्छन् ।“कथा सुन्न मजा आउँदो रहेछ तर कथा भोग्न भने कति गाह्रो है ? भीरमा फुलेको लालीगुराँसजस्तो” (२५) । आफूलाई कुलपितृका रक्षक पहरेदार ठान्ने पितृसत्ताको सोच र व्यवहारमा परिवर्तन नगराईकन जस्तोसुकै अभियान पनि सफल हुँदैन किनकि त्यही जब्बर सोच र मानसिक डरले प्रशिक्षित कतिपय नारीहरू पनि यस अन्धविश्वासी कुरीतिलाई हाउगुजी बनाउन तल्लीन छन् ।

## निष्कर्ष

नेपालको मध्यपश्चिम र सुदूर पश्चिमका विभिन्न ठाउँमा व्याप्त छाउपडी प्रथाका केन्द्रविन्दुमा रचित यस *छाउघर* उपन्यासले त्यसकै सेरोफेरोमा अन्य विविध समस्याहरूको रहस्योद्घाटन गरिदिएको छ । आजको युगमा पनि नारीलाई कैंयौ मानसिक र शारीरिक यातना/आघात भोग्न विवश बनाउने सामाजिक रूढिवादी प्रचलन छाउपडी प्रथा यस उपन्यासको मूल विषयवस्तु एवम् कथ्य पनि हो । यो छाउप्रथा मानिसले कहिल्यै नदेखेका अदृश्य कूलपितृ खुसी पारेर पुरुष सत्तालाई सधैँ शक्तिशाली बनाइराख्न र घरपरिवारमा आ³नो उच्च हैकम देखाउन नारीमाथि थोपरिएको यातनापूर्ण प्रपञ्चको जीवन्त फेहरिस्तको रूपमा प्रस्तुत गरिएको छ । अर्को शब्दमा भन्ने हो भने यो *छाउघर* उपन्यास धर्म, संस्कृति र देउपितृका आडमा महिलाहरूको जीवनको कुनै मूल्य वा अस्तित्व नस्वीकार्ने पुरूषप्रधान समाजको दर्पण पनि हो । विभिन्न समुदायका आआफ्नै धार्मिक सांस्कृतिक, सामाजिक मूल्यमान्यता रहिआएका छन् तर परम्परा र संस्कृति भन्दै त्यसलाई आँखा चिम्लेर अनुसरण गर्नु अरू विकृति र उत्पीडनलाई प्रश्रय दिनु हो । यिनै कारणबाट उत्पन्न अभिघातले मानिसलाई मनोरोगी बनाउन भूमिका खेल्दछन् जसका कारण उसको जीवन त्रासद र असफल बन्न पुग्दछ । रजस्वला भएका महिला घरभित्र बसे अनिष्ट हुने मानसिक सन्त्रास देखाएर घरका अदृश्य देउदेउतालाई रिझाउन आ³ना घरका छोरीबुहारीको जीवन दाउमा लगाउने पितृसत्तात्मक प्रपञ्च छाउप्रथा वास्तवमै मानव समाजको कलङ्क र त्यस क्षेत्रका नारीहरूका लागि कष्टप्रद अभिशाप हो । शारीरिक परिवर्तनको प्राकृतिक प्रक्रिया रजस्वलालाई महिला अपवित्र वा अछुत भएको ठान्ने नेपाली संस्कार एउटा सामाजिक कुरीति अनि मानसिक यातनाको पराकाष्ठा पनि हो ।समाजका आधा आकाशका प्रजनन स्वास्थ्यसँग जोडिएको यस्तो संवेदनशील विषयमा समयसापेक्ष चेतना जागृत गराई कुरीति र कुसंस्कारमा परिवर्तन गर्नुपर्ने आवश्यकता महत्त्वपूर्ण पक्ष हो । त्यसैले संस्कार र संस्कृतिका आडमा चलाइएका कुरीतिका कारणबाट विभिन्न उमेरसमूहका महिलाहरूले भोगेका समस्या र अभिघातका विभिन्न पाटोलाई प्रस्तुत गर्न *छाउघर* उपन्यास सक्षम रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

गुरूङ, डा.हर्क (२०६५). बहिष्करणदेखि समावेशीकरणसम्म. *सामाजिक समावेशीकरण अनुसन्धान कोष*।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*. साझा प्रकाशन।

शर्मा, मोहनराज (२०७१). कृतिगत अभिघातको खोजी र अभिघात अध्ययन. *जुगल सैद्धान्तिक समालोचना* (सम्पा. राजेन्द्र सुवेदी), जुगल पब्लिकेसन प्रा.लि।

सरगम, राज (२०७३). *छाउघर*, फाइनप्रिन्ट बुक्स।

सुवेदी, राजेन्द्र, (सम्पा.) (२०७१). *जुगल सैद्धान्तिक समालोचना*, जुगल पब्लिकेसन प्रा.लि.।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*, जुगल पब्लिकेसन प्रा.लि.।